# प्रेस विज्ञप्ती

यस पूर्वखोला गाउँपालिकाको नाममा केही सामाजिक संजालमा भ्रामक तथा अर्नगल खालका समाचारहरु प्रसार भएकोमा गाउं कार्यपालिकाको कार्यालयको गंभिर ध्यानाकर्षण भएको छ ।
गाउँपालिका स्तरिय १५ शैयाको अस्पताल निर्माणको लागि कार्यालयको तर्फवाट मिति २०७७०७०३ गते निशुल्क जग्गादाताको खोजी गरिएको १५ दिने सूचना आम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोमा उक्त मिति सम्म अस्पताल निर्माणको लागि कुनै पनि दाताले निशुल्क रुपमा जग्गा उपलव्ध गराउन सकिने भन्ने निवेदन पेश हुन नआएको कारण वैकल्पिक व्यवस्था स्वरुप विरकोट स्वाथ्य चौकी संगै जोडीएको जग्गा हेर्ने र नाप्ने काम लगाएत जग्गा खरिद मूल्यांकन प्रकृया भइरहेको हो । तर सामाजिक संजालमा प्रचार गरिए जस्तै रु २ लाख प्रति आनामा खरिद नगरिएको जानकारी गराइन्छ । त्यसैले पूर्वखोला गाउँपालिकाको जग्गा खरिदको नाममा विभिन्न सामाजिक संजालमा अनर्गल प्रचार प्रसार भएको तर्फ गंभिर ध्यानाकर्षण गर्दै त्यस प्रकारका भ्रामक प्रचार प्रसार प्रति विश्वास नगर्न आम नागरिकहरुलाई जानकारी गराउदै सत्य र तथ्यमा आधारित सूचना तथा समाचार प्रेषित गर्नुहुन सरोकारवाला सवैमा हार्दिक अनुरोध गरिन्छ ।

पूर्वखोला गाउँपालिका
पाल्पा